# नेशनल हाइड्रो पावर कम्पनी लि.

काठमाडौं १०, बिनायकनगर, बानेश्वर

## विषेश साधारणसभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०४/२४

यस नेशनल हाइड्रो पावर कम्पनी लिमिटेडको मिति २०७९/०४/२३ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको विशेष साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्नका लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरूको जानकारी एवम् उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७९ साल भाद्र १० गते शुक्रबार (अगस्ट २६, २०२२)

समय : बिहान ११:०० बजे ।

स्थान : डेलिश ओपेरा रेष्ट्रो एण्ड बैंक्वेट (Delish Opera Restro & Banquet) बालुवाटार, काठमाडौं ।

**छलफलका विषयहरू**

१. बोनश शेयर वितरण र सुनकोशी हाइड्रो पावर कम्पनी लि.को प्राप्ति पश्चात कायम हुन आउने चुक्ता पूजीको ५० प्रतिशत (अर्थात १०:५ को अनुपातमा) हकप्रद शेयर जारी गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

२. हकप्रद शेयर र सुनकोशी हाइड्रो पावर कम्पनी लि.को प्राप्तिको कारणले कम्पनीको पूँजी वृद्धि हुने भएको हुनाले कम्पनीको प्रबन्धपत्रको दफा ६ को (ख) र (ग) संशोधन गर्ने सम्बन्धमा ।

३. कम्पनीको रु.१००।- प्रति कित्ताको २२४७० कित्ता साधारण शेयर वापत जम्मा रु.७,२५,००० को आंशिक भुक्तानी मात्र प्राप्त भएको देखिएकोले कम्पनीको हिसाबमा रु.१५,२२,००० भुक्तानी प्राप्त नभएको (Call in arrears) देखिदै आएको Call in arrears को हिसाब मिलान गर्नको लागि उक्त २२४७० कित्ता शेयरलाई व्यवस्थापन गर्नुपर्ने देखिएकोले उक्त शेयर व्यवस्थापन गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

४. विविध ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

### विशेष साधारणसभा सम्बन्धी सामान्य जानकारीहरू

१. विशेष साधारणसभा प्रयोजनका लागि मिति २०७९/०५/०२ गते यस कम्पनीको शेयरको दर्ता किताब बन्द रहनेछ र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७९ भाद्र ०१ गतेसम्म कारोबार भई ३ कार्य दिनभित्र दाखिल खारेज तथा नामसारीका लागि प्राप्त शेयरहरूबाट कायम रहेका शेयरधनीहरू विशेष सभामा भाग लिनका लागि योग्य हुनेछन ।

२. सभामा आफै उपस्थित हुन नसक्ने शेयरधनीले सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा सो सम्बन्धी निवेदन सभा शुरु हुनु भन्दा ४८ घण्टा कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । प्रतिनिधि पत्र (प्रोक्सी) प्रचलित कम्पनी कानून बमोजिम यस कम्पनीले तोकेको ढाँचामा हुनु पर्नेछ । प्रतिनिधि पत्रको ढाँचा यस कम्पनीको सूचनापाटि तथा कम्पनीको वेवसाइटमा (www.nhpcl.com) मा राखिएको छ । कम्पनीको शेयरधनी बाहेक अन्यलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न पाइने छैन ।

३. एक जना शेयरधनीले एक भन्दा बढि व्यक्ति (शेयरधनी) लाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न पाइने छैन ।

४. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा केही शेयर आफैसँग बाँकी राखि आफू समेत साधारणसभामा उपस्थित हुन पाउने उद्देश्यले आंशिक शेयरको प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न पाउने छैन ।

५. नाबालक वा अशक्त/विक्षिप्त शेयरधनीहरूको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नु हुनेछ ।

६. विशेष साधारणसभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको कार्यालय का.जि.का.म.न.पा. वडा नं. १०, बिनायकनगर, बानेश्वरमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

**सच्चाईएको**: मिति २०७९/४/२४ गते प्रकाशित यस नेशनल हाईड्रो पावर कम्पनी लि.को सूचनामा विशेष साधारणसभा सम्बन्धी सामान्य जानकारीहरूको सि.नं. १ को दोश्रो हरफमा "नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७९ भाद्र ०१ गतेसम्म" हुनु पर्नेमा अन्यथा भएकोले सच्चाईएको छ ।